**सर्वोच्च अदालत, संवैधानिक इजलास**

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

**आदेश**

**विषयः उत्प्रेषण समेत ।**

**०७९-WC-००३५**

रिट निवेदकहरुः

१. कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ५ घर भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३ बस्ने अधिवक्ता रविराज बसौला,

२. रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं. १२ गेलु घर भई ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ५ बस्ने अधिवक्ता नानीबाबु खत्री ।

प्रत्यर्थीहरुः

१. राष्ट्रिय स्वतन्त्र पार्टी, काठमाण्डौं महानगरपालिका वडा नं. ३, बसुन्धरा,

२. रवि लामिछाने, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार भई चितवन जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य,

३. निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं,

४. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाण्डौं,

५. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं,

६. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार ।

०७९-WC-००३६

रिट निवेदकः

सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. १ घर भई काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर बस्ने युवराज पौडेल ।

प्रत्यर्थीहरुः

१. राष्ट्रिय स्वतन्त्र पार्टी, काठमाण्डौं महानगरपालिका वडा नं. ३, बसुन्धरा,

२. रवि लामिछाने, सभापति राष्ट्रिय स्वतन्त्र पार्टी,

३. निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं,

४. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाण्डौं,

५. संघीय संसद, प्रतिनिधि सभा, सिंहदरबार, काठमाण्डौं ।

नेपालको संविधानको धारा १३७(२)(ख) बमोजिम यस अदालतको संवैधानिक इजलासबाट सुनुवाई हुनेगरी दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

तथ्यगत व्यहोराः

१. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन अयोगमा दर्ता नं. १८७ मा दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले दल दर्ता एवं आफ्नो उम्मेदवारी दर्ता प्रयोजनका लागि प्रयोग गरेको काठमाण्डौं जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र नं. १८२२२ निजले अमेरिकी नागरिकता एवं अमेरिकी पासपोर्ट प्राप्त गर्नुभन्दा अगाडि प्राप्त गरेको नागरिकता हो। नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा (१) मा नेपालको कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था भए अनुसार अमेरिकी पासपोर्ट नं. ५१२९६६९८१ का बाहक रवि लामिछानेले ऐ. ऐनको दफा ११ बमोजिम कुनै पनि कार्य गरेको नदेखिँदा निज रवि

लामिछाने हाल नेपाली नागरिक होइनन्। निजले एकपटक नेपालको नागरिकता त्याग गरी विदेशी नागरिकता प्राप्त गरिसकेपछि निजको नेपाली नागरिकता स्वतः खारेज हुने हो। निजले सोही पुरानो नागरिकता प्रयोग गरी नयाँ राजनीतिक दल खोली संसद सदस्यमा निर्वाचित भएको अवस्था छ। निज निर्वाचन आयोगमा दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति बन्न र सोही दलको नामबाट प्रतिनिधि सभाको सदस्यमा उम्मेदवारी दिन उनी नेपाली नागरिक नभएको हुँदा अयोग्य छन्। अतः संविधान, ऐन कानून एवं नियमावली समेतको बर्खिलाप हुने गरी राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व गर्दै प्रतिनिधि सभाको सदस्यको लागि चितवन जिल्ला क्षेत्र नं. २ बाट दिएको निजको उम्मेदवारी अवैध छ। निजलाई प्रतिनिधि सभाको सदस्यको हैसियतले कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा नेपालको संविधानको धारा १३३(२), (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ। प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म संसद सदस्यको हैसियतले सपथ लिने, बैठकमा भाग लिने लगायतका कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी सुनुवाईलाई अग्राधिकार समेत दिलाई पाउँ भन्ने व्यहोराको अधिवक्ता रविराज बसौला समेतको रिट निवेदन।

२. नेपाली नागरिकता कायम नरही पुनः नेपाली नागरिकता नलिएको व्यक्तिले राजनैतिक दलको सदस्य र पदाधिकारी हुन, निर्वाचनमा उम्मेदवार हुन, प्रतिनिधि सभा सदस्य हुन नपाउने कानूनी व्यवस्था विपरीत काम कारवाही गर्न मिल्छ कि मिल्दैन भन्ने गम्भीर सार्वजनिक सरोकारको विषयको व्याख्या र निरुपणका लागि यो रिट निवेदन दायर गरिएको हो। मतदान गर्ने, उम्मेदवार बन्ने र राजनैतिक दल खोल्ने अधिकार नेपालको संविधान र कानूनले नेपाली नागरिकलाई मात्रै प्रदान गरेको छ। नेपालको संविधानको धारा १७(२)(ग) ले राजनीतिक दल खोल्न पाउने हक केवल नेपाली नागरिकलाई मात्रै प्रदान गर्दछ। संघीय संसदको सदस्य हुन नेपालको नागरिक हुनु पर्दछ भन्ने व्यवस्था नेपालको संविधानको धारा ८७(१)(क) मा

उल्लेख छ। धारा ८४(५) अनुसार १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले मात्रै मतदान गर्न पाउँदछन्। राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६(१)(ग), १४(२), १७ र २१(ज) र राजनैतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ३(२), ६(१)(घ) बमोजिम राजनैतिक दलको सदस्यता प्राप्त गर्न र पदाधिकारी हुन नेपाली नागरिक हुनु पर्दछ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३ बमोजिम प्रतिनिधि सभाको उम्मेदवार हुन नेपाली नागरिक हुनु पर्दछ। निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १४ ले नेपाली नागरिकता नभएको व्यक्तिलाई मतदान गर्नसमेत प्रतिबन्ध लगाई गैरनेपाली नागरिकले मतदान गरेमा कसूर गरेको मान्दछ। प्रत्यर्थी रवि लामिछानेले जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट मिति २०५०/११/१० मा नेपाली नागरिकता लिएको, अमेरिकामा गएर अमेरिकाको स्थायी बसोवास अनुमतिपत्र लिएको र सन् २०१४ फेब्रुअरी २१ (फाल्गुन ९, २०७०) मा अमेरिकी नागरिक बनेको, सन् २०१७ मा नेपाल फर्केको र अमेरिकी नागरिकको रुपमा नेपालमा बसी कार्य अनुमति लिई अमेरिकी नागरिकको रुपमा नेपालमा काम गरेको कुरा स्वीकार गरेका छन्। तर नेपाल सरकार, गृह मन्त्रालय र प्रेस काउन्सिल नेपालको पत्रबाट निजले कार्य अनुमति लिएको देखिदैंन। सन् २०१८ को जुन २८ (असार १४, २०७५) मा अमेरिकी नागरिकता त्याग गरेपछि नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पूरा गरी नेपाली नागरिकता नलिएको तथ्य निजले निर्वाचन आयोगमा पेश गरेको मिति २०७९/८/६ को स्पष्टीकरणबाट प्रष्ट हुन्छ। रवि लामिछानेले अमेरिकी नागरिक भएको अवस्थामा नै सन् २०१५ मई २७ (मिति २०७२/२/१३) मा नेपाली पासपोर्ट लिएको देखिन्छ। यस्तो अवस्थामा निजले राजनैतिक दलमा संलग्न हुन, उम्मेदवार हुन र मतदान गर्न पाउने हुँदैन। तर निजले पुरानो नागरिकता नै प्रयोग गरी राष्ट्रिय स्वतन्त्र पार्टी नामको दल दर्ता गरी सो दलको सभापति बनी मिति २०७९/८/४ मा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा

उम्मेदवार बनी चितवन क्षेत्र नं. २ बाट निर्वाचित भएको अवस्था छ। नेपालको संविधानको धारा १७(२)(ग), १८, ८४(५), ८७(१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ एवं १३ र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४(२), २१, ४६, ५५ र ५७ बमोजिम निजले लिएको राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता र सभापतिको पद एवं हैसियत गैरकानूनी घोषणा गरी पाउँ। सो हैसियतमा प्राप्त गरेको सम्पूर्ण लाभ अर्थात् मतदाता भएर गरिएको मतदान; निर्वाचनमा भएको उम्मेदवारी, सांसद पदसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ। यस्तो गैरकानूनी पद, हैसियत र लाभलाई मान्यता नदिनु र निर्वाचन कार्यालयमा अभिलेख भएको निजको राजनैतिक दलको सदस्यता एवं सभापतिको पद खारेज गर्नु भनी निर्वाचन आयोग र राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा परमादेश जारी गरी पाउँ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३ को योग्यता नहुँदा-नहुँदै दफा १५ आकर्षित गर्न इन्कार गरेको कारणले प्रतिनिधि सभा सदस्य निर्वाचित भएको हुँदा निज रवि लामिछानेलाई दफा १६ बमोजिम प्रतिनिधि सभा सदस्य हुन अयोग्य ठहर गरी सांसद पदबाट मुक्त गरी पाउँ। निर्वाचन कसूर तथा सजाय ऐन, २०७३ को दफा १४ अन्तर्गत सजाय गर्नु पर्नेमा नगरेको हुँदा सो दफा कार्यान्वयन गर्नु गराउनु भनी निर्वाचन आयोगको नाममा तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ को कसूरमा कारबाही गर्नु पर्नेमा नगरेकोले सो दफा २१ कार्यान्वयन गर्नु भनी जिल्ला प्रशासन कार्यालय काठमाण्डौंको नाममा परमादेशको आदेश जारी गरिपाउँ। निज रवि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा उपस्थित हुन र कार्य गर्नबाट अन्तरिम आदेश जारी गरी रोक लगाई पाउँ भन्ने व्यहोराको युवराज पौडेलको रिट निवेदन।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) बमोजिम आदेश प्राप्त

भएको मितिले बाटाको म्याद बाहेक ७ (सात) दिनभित्र लिखित जवाफ पेश गर्नु भनी आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी प्रत्यर्थीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि पेश गर्नु। अन्तरिम आदेशको सम्बन्धमा छलफलका लागि मिति २०७९/९/२२ गतेको पेशी तारेख तोकी सो मितिमा उपस्थित हुन प्रत्यर्थीहरुलाई सूचना दिई पेश गर्नू भन्ने यस अदालतको मिति २०७९/९/६ को आदेश।

४. निवेदकहरुले नेपाल नागरिकता ऐन, २०६३ को दफा १० र ११, नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ समेतका कानूनको व्याख्या र प्रयोग सम्बन्धी केही महत्वपूर्ण प्रश्नहरु उठाएको पाइयो। प्रत्यर्थी मध्येका रवि लामिछानेमा प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुने योग्यता रहेको वा नरहेको भन्ने विवादित प्रश्न रहेको छ। यसरी उठाइएका प्रश्नहरूको छिटोछरितो रुपमा निवेदन उपर पूर्ण सुनुवाई गरी निरुपण गर्नु मनासिव हुने देखियो। अहिले सुविधा सन्तुलनको दृष्टिले हेर्दा अन्तरिम आदेश जारी गर्नु मनासिव देखिएन। प्रस्तुत विवादको सुनुवाईलाई अग्राधिकार प्रदान गरी छिटोछरितोरुपमा सम्पन्न गर्नु आवश्यक देखिएको हुँदा पूर्ण सुनुवाईका लागि २०७९ साल माघ ११ गते बुधबार पेश गर्नु। प्रस्तुत रिट निवेदन सम्बन्धी विषयमा मिति २०७९/१०/११ गतेसम्ममा लिखित बहसनोट पेश गर्न रिट निवेदक तथा प्रत्यर्थी दुवै पक्षलाई जानकारी दिनू। प्रत्यर्थी मध्येका रवि लामिछानेको उम्मेदवारीको सम्बन्धमा निर्वाचन आयोगबाट मिति २०७९।०८।१३ मा भएको निर्णय सम्बन्धी सक्कल निर्णय र कागजात ७ (सात) दिनभित्र झिकाई मिसिल सामेल राखु। प्रत्यर्थी मध्येका रवि लामिछानेले द.नं. १५७६, मिति २०७५/३/६ मा अध्यागमन विभागमा पेश गरेको कागजात, सो सम्बन्धमा भएको कारवाही सम्बन्धी कागजात गृह मन्त्रालय वा अध्यागमन विभाग वा जिल्ला प्रशासन कार्यालय समेत जहाँ छ, सो निकायबाट ७ (सात) दिनभित्र झिकाउनू। श्री रवि लामिछानेको सम्बन्धमा जिम्मेवारीपूर्वक छानबिन तथा अनुसन्धान गर्नु भनी गृह मन्त्रालयको च.नं. २२४ मिति २०७९/८/१२ को पत्र जिल्ला प्रशासन

कार्यालयमा पठाएको र सो कार्यालयको च.नं. १७५ को पत्रबाट जिल्ला प्रहरी परिसर, काठमाण्डौंमा पठाएको भनी प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफमा उल्लेख भएबमोजिमको कारवाही फायल सम्बन्धित प्रहरी कार्यालयबाट ७ (सात) दिनभित्र झिकाउनू। प्रस्ततु रिट निवेदन उपरको सुनुवाई रिट निवेदक वा प्रत्यर्थी कुनै पक्षको अनुरोधमा पनि स्थगित नहुने व्यहोराको जनाउ दिई अरु नियमानुसार गरी पेश गर्नू भन्ने यस अदालतको मिति २०७९/९/२२ को आदेश।

५. मैले वंशजका आधारमा मिति २०५०/११/१० मा ना.प्र.नं. १८२२२ को नेपाली नागरिकता लिएको हो। संयुक्त राज्य अमेरिका गएपछि अमेरिकाको स्थायी बसोवास अनुमति (पि.आर.) र नागरिकता २१ फेब्रुअरी २०१४ (मिति २०७०/११/०९) मा प्राप्त गरेको हुँ। अमेरिकाको नागरिकता तथा राहदानी त्यागन १८ मे २०१८ (मिति २०७५/२/४) मा नेपालस्थित अमेरिकी दुतावासमा निवेदन दिएको र संयुक्त राज्य अमेरिकाको Overseas Citizens Services, Department of State ले २८ जुन २०१८ (मिति २०७५/३/१४) मा अमेरिकी नागरिकता परित्याग स्वीकृतिपत्र दिएको हो। सो उप्रान्त म अमेरिकी नागरिक नभएको प्रष्ट छ। नेपाल नागरिकता ऐन, २०६३ मा नागरिकता कायम नहुने, नागरिकता त्याग्ने, नागरिकता रद्द हुने र नागरिकबाट हटाउने समेतका फरक फरक व्यवस्था छन्। मैले अमेरिकाको नागरिकता लिएपछि नेपालको नागरिकता ऐनको दफा १० को उपदफा (१) अनुसार कायम नरहने अवस्थासम्म हो। मैले दफा १० को उपदफा (२) अनुसार नेपाली नागरिकता नत्यागेको हुँदा नियम ९ को कार्यविधिसमेत मेरो हकमा प्रासङ्गिक छैन। दफा ११ बमोजिम पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधिको बारेमा नियमावलीको नियम ११ मा उल्लेख छ। जसमा ऐनको दफा १० को उपदफा (१) अनुसार कायम नरहेको नागरिकता बारे कुनै पनि कार्यविधि उल्लेख छैन। सो नियममा नेपाली नागरिकता त्यागी विदेश गएको व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सा सहित पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने

मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूची -११ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने भनी उल्लेख गरेको पाइन्छ। मैले नेपाली नागरिकता त्यागी अमेरिका गएको नहुँदा नियम ११ को कार्यविधि अनुसार नागरिकता त्यागी विदेश गएको र पुनः कायम गरी पाउँ भनी हुँदै नभएको झुठ्ठा विवरण दिई निवेदन गर्न सक्ने अवस्था आउँदैन। ऐनको दफा १० को उपदफा (१) मा लेखिएको अवस्थाको विदेशी नागरिकले पुनः नेपालको नागरिकता लिनका लागि के कस्तो कार्यविधि हुनुपर्छ भन्ने कुरा नागरिकता नियमावलीमा प्रष्ट लेखिएको छैन। ऐनको दफा ११ ले पुनः नेपालमा आई बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि नेपाली नागरिकता पुनः कायम हुने कानूनी व्यवस्था गरेको छ। यहाँ कसैले निर्णय गर्नुपर्ने / जारी गर्नुपर्ने / स्वीकृति गर्नुपर्ने जस्ता कुरा दफा १०(१) को अवस्थामा लागू नहुने स्पष्ट छ। नागरिकता ऐन, २०६३ ले ऐनको दफा १० को उपदफा (१) अनुसार कायम नरहेको नागरिकता पुनः कायम गराउने कार्यविधि उल्लेख नगरेपनि मैले अमेरिकाको नागरिकता परित्याग गरेको विवरण उक्त समयमा भिषा लिई नेपालमा बसेको विदेशी नागरिकको सरोकार रहेको अध्यागमन विभागमा पेश गरेको र पेश भएको निवेदन सहितको विवरण अध्यागमन विभाग हुँदै गृह मन्त्रालय, प्रेस काउन्सिल र सूचना तथा सञ्चार मन्त्रालयमा समेत मौकैमा पुगेको छ। मैले प्रयोग नै नगरेको सन् २०१५ मा जारी भएको नेपाली पासपोर्ट सम्वन्धी विषय प्रतिनिधि सभाको सदस्य पदको योग्यता र अयोग्यतासँग असम्बन्धित विषय हो। अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ ले विदेशीले नेपाल प्रवेश गर्न र उपस्थिति हुन भिषाको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। मैले अमेरिकाको नागरिकता परित्याग गरेको मिति उप्रान्त नेपालमा बसोवास गर्न भिषा लिनु नपर्ने भएकोले १८ मे २०१८ उप्रान्त कुनै भिषा नलिई नेपालमा बसोवास गरिआएको छु। सो पश्चात मैले नेपाली नागरिक भई नागरिकको हैसियतले प्राप्त गर्ने सबै सुविधा र कानूनी दायित्व र कर्तव्य निर्वाह गरी

आएको छु। मेरो नेपाली नागरिकताका आधारमा कानून बमोजिम नै नेपालमा बैंकिङ कारोवार, मतदाता नामावली लगायतका सम्पूर्ण सेवा, सुविधा, लाभहरु उपभोग गरिरहेकोबाट नेपाल राज्यले मलाई नेपाली नागरिकका रुपमा स्वीकार गरिरहेको प्रष्ट छ। २०७६ सालमा म विरुद्ध चलेको आत्महत्याको दुरुत्साहन मुद्दामा मसंग बयान लिँदादेखि अदालतबाट भएका कामकारवाहीमा समेत मेरो नेपाली नागरिकता उपर कुनै प्रश्न नउठाई नेपाली नागरिककै रुपमा स्वीकार गरेको अवस्था छ। म उम्मेदवार मात्र रहेको समयमै यही विषयमा निर्वाचन आयोगमा उजुरी दर्ता भएकोमा निर्वाचन आयोगले मिति २०७९/८/१३ मा मलाई प्रतिनिधि सभा सदस्यको उम्मेदवार हुन योग्य रहेको ठहर गरेको थियो। मिति २०७९/८/९ मा प्रतिनिधि सभा निर्वाचनमा विजयी भएको घोषणा गरी प्रमाणपत्र समेत दिएको अवस्था छ। मिति २०७९/८/६ मा प्रस्तुत रिट निवेदकले गृह मन्त्रालयमा उजुरी गरी मेरो नागरिकताको विषय प्रहरीको अनुसन्धानमा रहेको हुँदा सोही विषयमा यस अदालतमा पनि रिट निवेदन दायर गरी आदेशको माग गर्न मिल्दैन। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५ मा रहेको "कुनै पनि व्यक्ति राज्यविहिन नहुने" भन्ने व्यवस्था मेरो हकमा समेत आकर्षित हुन्छ। रिट निवेदकले उल्लेख गरेको प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ र १३, राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४(२), २१, ४६, ५५ र ५७, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १४ समेतको कानूनी व्यवस्था विदेशी नागरिक एवं नेपाली नागरिकता नभएको व्यक्तिको हकमा आकर्षित हुने हो, मेरो हकमा होइन। मेरो साबिकको नेपाली नागरिकता पुनः कायम भएको हुँदा प्रतिनिधि सभा सदस्यको लागि योग्य रहेको छु। रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रत्यर्थी रवि लामिछानेको लिखित जवाफ।

६. प्रतिनिधि सभाको निर्वाचनमा निर्वाचित भइसकेको व्यक्तिको योग्यताको बारेमा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४९ बमोजिम उक्त निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मात्र अदालतमा निवेदन दिन सक्ने

व्यवस्था रहेको छ। निवेदक उम्मेदवार नभएको हुँदा निजलाई रिट निवेदन दायर गर्ने हकदैया नै छैन। कुनै व्यक्तिलाई नागरिकताबाट हटाउनका लागि विभिन्न प्रक्रियाहरु पुरा गर्नुपर्ने हुन्छ। यस पार्टीका अध्यक्ष रवि लामिछानेलाई नेपालको नागरिकको अभिलेखबाट न सरकारले हटाएको छ, न निजले नागरिकता ऐन, २०६३ को दफा १०(२) बमोजिम नागरिकता परित्याग गर्न निवेदन नै गरेका छन्। ऐनको दफा १० को उपदफा (१) अनुरुपको अवस्थामा केवल विदेशको नागरिकता परित्याग गरेको सूचनासम्म सरोकारवाला निकायमा दिने हो। नागरिकता नियमावलीको नियम ११ बमोजिम नागरिकताको पुनः प्राप्तिको प्रक्रियामा जानु पर्ने अवस्था छैन। दफा १०(१) अनुसार नागरिकता कायम नरहेको व्यक्तिले नागरिकताको पुनः प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने निश्चित प्रक्रिया नियमावलीमा तोकिएको छैन। दफा १०(२) बमोजिम स्वेच्छाले नागरिकता परित्याग गर्ने व्यक्तिले मात्र दफा ११ वा नियम ११ ले तोकेबमोजिमको प्रकृयामा गई नागरिकता पुनः प्राप्ति गर्नुपर्ने हुन्छ। यस पार्टीका अध्यक्षले ऐनको दफा १०(२) बमोजिम नागरिकता परित्याग नगरेको हुँदा निवेदकले दावी गरेझैं निजले नभएको झुठ्ठा तथ्य र विवरण देखाई नियम ११ को प्रक्रियामा जानुपर्ने होइन। यस पार्टीका अध्यक्षको नागरिकता र अमेरिकाको नागरिकता सम्बन्धी विषयहरु अध्यागमन विभाग, गृह मन्त्रालय, प्रेस काउन्सिल लगायतका सरकारी निकायहरुलाई आजभन्दा करिब ५ वर्षअघि जानकारी रहेको थियो। रवि लामिछानेले नेपाली नागरिक भएका नाताले पाउने सम्पूर्ण सेवा सुविधा उपभोग गरिरहेको, चितवन जिल्ला अदालतमा चलेको मु.नं. ०७६-C१-००४७ मा समेत निजलाई नेपाली नागरिककै रुपमा स्वीकार गरेको अवस्था छ। नेपालको संविधानको धारा १० तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अनुसार कुनैपनि व्यक्ति राज्यविहिन नहुने व्यवस्था यस पार्टीको अध्यक्षको हकमा समेत आकर्षित हुन्छ। रवि लामिछाने नेपाली नागरिक नै भएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको प्रत्यर्थी राष्ट्रिय स्वतन्त्र पार्टीको लिखित जवाफ।

७. नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (ग), राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३, ४, ५ र ६ समेतका आधारमा निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी नामक राजनीतिक दल दर्ता गरी दल दर्ता कितावमा अभिलेखीकरण गरेको तथा सो दलको सभापतिमा रवि लामिछानेलाई चयन गरी पठाएबमोजिम दलको विवरण कायम गरिएको हो। मुख्य निर्वाचन अधिकृतको कार्यालय चितवनको च.नं. ४४ मिति २०७९/८/६ को पत्रबाट चितवन जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार रवि लामिछानेबाट प्राप्त भएको स्पष्टीकरण समेतका कागजातहरु सिलबन्दी गरी पठाईएकोमा मिति २०७९/८/८ मा आयोगमा प्राप्त हुन आएको देखिन्छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय, चितवनबाट मिति २०७९/८/९ मा उक्त निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने तर्फको निर्वाचन परिणाम घोषणा भएको हो। निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ को व्यवस्थालाई नेपालको संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (ख) र धारा २४६ को उपधारा (३) को सन्दर्भमा हेर्दा निर्वाचन परिणाम घोषणा भईनसकेको अवस्थामा मात्र कुनै उम्मेदवारको योग्यता सम्बन्धमा निर्वाचन आयोगले निर्णय गर्न सक्ने र निर्वाचन परिणाम घोषणा भईसकेपछिको अवस्थामा उम्मेदवारको योग्यता सम्बन्धी विषय सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकारक्षेत्रभित्र पर्ने देखिन्छ। संविधानसम्मत् रुपमा आयोगबाट भएको निर्णय विरुद्ध दर्ता भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रत्यर्थी निर्वाचन आयोगको लिखित जवाफ।

८. निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ अनुसार उम्मेदवारको मनोनयन दर्ता भएको तर निर्वाचन परिणाम घोषणा नभइसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा निर्वाचन अधिकृत मार्फत आयोगमा उजुरी दिन सकिने व्यवस्था भए अनुसार नै निर्वाचन आयोगले मिति २०७९/८/१३ मा निर्णय गरिसकेको अवस्था छ। प्रतिनिधि सभा सदस्य

निर्वाचन ऐन, २०७४ को दफा १६ को उपदफा (३) मा सदस्यको पदमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा अदालतमा उजुरी दिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख छ। प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४९ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को नियम १७० मा निर्वाचित व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्बाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैंले वा वारिस मार्फत अदालतमा उजूरी दिन सक्नेछ भन्ने कानूनी व्यवस्था छ। सो कानूनी व्यवस्था रहँदा-रहँदै हकदैया नै नभएको कानून व्यवसायीले दिएको रिट निवेदन खारेजभागी छ। चार वर्ष अगाडिदेखि नै रवि लामिछानेको नागरिकतामा विवाद उठेकोमा अदालत प्रवेश गर्न बिलम्ब हुनुको मनासिव आधार र कारण निवेदनमा खुलाइएको छैन। रिट निवेदक युवराज पौडेलले दिएको उजुरी निवेदन तथा संलग्न कागजात समेत समावेश गरी उक्त उजुरी सम्बन्धमा के कसो भएको हो? प्रचलित कानून अनुसार तहाँ कार्यालयबाटै जिम्मेवारीपूर्वक छानबिन तथा अनुसन्धान गरी जो जे बुझ्नु पर्ने हो बुझी पछिसम्म फरक नपर्ने गरी आवश्यक कारवाही गर्नु हुन भनी गृह मन्त्रालय नागरिकता तथा राष्ट्रिय परिचय व्यवस्थापन शाखा सिंहदरवारको च.नं. २२४, मिती २०७९/८/१२ को पत्र प्राप्त भएकोले सोही मितिमा यस कार्यालयको च.नं. १०७५ को पत्रबाट उक्त उजुरी र उजुरी साथ संलग्न कागजात समेत गृह मन्त्रालयको प्राप्त व्यहोरा अनुसार जिल्ला प्रहरी परिसर, काठमाण्डौंमा नियमानुसार कार्यार्थ पठाइएको छ। संसद सदस्यको अयोग्यता सम्बन्धी शुरू कारवाही र किनारा गर्ने अधिकार नेपालको सविधानको धारा १३७ को उपधारा (२) को (ख) अनुसार सर्वोच्च अदालतको संवैधानिक इजलासलाई रहेको छ। यस कार्यालयबाट निवेदकहरुको संवैधानिक तथा कानूनी अधिकार हनन् हुने गरी कुनै कार्य नगरिएकोले निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंले रिट नं.

०७९-WC-००३५ र ०७९-WC-००३६ का सन्दर्भमा छुट्टाछुट्टै पेश गरेको लिखित जवाफ।

९. नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को उपदफा (१) मा नेपालको कुनै नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन भन्ने व्यवस्था रहेको छ। प्रस्तुत कानूनी व्यवस्था बमोजिम कुनै नेपाली नागरिकले अन्य कुनै देशको नागरिकता प्राप्त गरेको अवस्थाको जानकारी कानून बमोजिमको तोकिएको अधिकारीलाई आधिकारिक रूपमा प्राप्त नभएसम्म तोकिएको अधिकारीले त्यस्तो व्यक्ति नेपाली नागरिक कायम नरहेको भनी अनुमान गरी कारवाहीको प्रक्रिया अगाडी बढाउन मिल्ने देखिँदैन। रिट निवेदनमा उल्लेख गरेको व्यक्ति उपर उजुरी निवेदन दर्ता हुनासाथ मन्त्रालयले मिति २०७९/८/२५ मा आवश्यक छानबिन तथा अनुसन्धान गर्न सम्बन्धित निकायमा लेखि पठाइ आवश्यक कार्यको थालनी गरिसकेको हुँदा रिट निवेदकले नागरिकता खारेजी सम्बन्धमा नेपाल सरकारबाट कुनै कार्य नगरेको भनी लगाइएको आरोप सत्य-तथ्यमा आधारित नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

१०. दलबाट कानूनबमोजिम पेश गर्नुपर्ने कागजातका सन्दर्भमा अन्यथा प्रमाणित नभएसम्म दलको तर्फबाट अख्तियार प्राप्त व्यक्तिबाट पेश भएका कागजातहरू उपर अविश्वास गर्नुपर्ने कुनै कारण हुँदैन। दलबाट पेश भएका कागजातमा आवश्यक जाँचबुझ गरी निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी नामक दल दर्ता गरेको तथा सो दलको सभापतिमा रवि लामिछानेलाई चयन गरी पठाए बमोजिम दलको विवरण कायम गरेको देखिँदा त्यस्तो कार्य कानूनसम्मत् नै रहेको देखिन्छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा कुनै उम्मेदवारको मनोनयन दर्ता भएको तर निर्वाचन परिणाम घोषणा नभइसकेको अवस्थामा उम्मेदवारको योग्यताको सम्बन्धमा उजुरी दिन सकिने व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था बमोजिम रवि लामिछानेको उम्मेदवारी तथा मनोनयनपत्र दर्ता भई निर्वाचित समेत भइसकेको अवस्थामा

हाल आएर निजको नागरिकताको प्रमाणपत्रको विषयलाई लिएर अन्यथा भन्नु तर्कसंगत् देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (ङ) मा अन्यथा प्रमाणित नभएसम्म कुनै अदालत वा सरकारी कार्यालय वा अधिकारीबाट वा नेपाल कानून बमोजिम अधिकार प्राप्त कुनै व्यक्तिबाट प्रकाशित भएको, तयार गरिएको वा प्रमाणित गरिएको भनी जनिएको लिखत सो अदालत, कार्यालय, अधिकारी वा व्यक्तिबाट प्रकाशित भएको वा तयार वा प्रमाणित गरिएको हो भनी अदालतले अनुमान गर्ने व्यवस्था रहेको छ। निर्वाचन सम्पन्न भई रवि लामिछाने निर्वाचित समेत भइसकेको अवस्थामा नागरिकताको वैधानिकताको विषय उठान गर्नु उपयुक्त नदेखिएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

११. प्रतिनिधि सभाको के कस्तो काम, कारवाहीबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। नेपालको संविधानले राज्यका प्रमुख तीन अङ्गको छुट्टाछुट्टै भूमिका निर्धारण गरेको छ। रिट निवेदकले उठाउनु भएको विषय निर्वाचन आयोग र कार्यपालिका अन्तर्गतका निकायको अधिकारक्षेत्रभित्रको विषय भएको र सो विषयमा प्रतिनिधि सभालाई विपक्षी बनाउनु पर्ने आधार र कारणसमेत नरहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको संघीय संसद, प्रतिनिधि सभाबाट पेश हुन आएको लिखित जवाफ।

१२. यस अदालतको मिति २०७९/९/२२ को आदेश अनुसार अध्यागमन विभाग, जिल्ला प्रहरी परिसर, काठमाण्डौं र निर्वाचन आयोगबाट प्राप्त फायल मिसिल सामेल रहेका।

## यस अदालतको आदेशः

१३. नियमबमोजिम पेशी सूचीमा चढी यस इजलास समक्ष सुनुवाईका लागि पेश भएको प्रस्तुत विवादमा मिति २०७९ माघ ११ र १३ गते सुनुवाई गरियो।

सुनुवाई छलफलको सन्दर्भमा रिट निवेदक विद्वान अधिवक्ता श्री रविराज बसौला सहित निज रिट निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री अमिता लक्ष्मी सैंजू श्रेष्ठ, डा. श्री सुरेन्द्र भण्डारी, विद्वान अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा पौडेल, श्री रमण कुमार कर्ण, श्री सन्तोष भण्डारी, श्री अमृत खरेल, र श्री निकिता ढुंगानाले गर्नु भएको बहस जिकिर सुनियो। वहाँहरुले बहस जिकिरका सन्दर्भमा नेपालको संविधानको धारा १३३(२) तथा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १६ को उपनियम (३) अनुसार सार्वजनिक सरोकारको रिट निवेदन गरिएको हो; विवादित विषय संविधानको धारा ९०, १३३ तथा धारा १३७(२)(ख) बमोजिम निरुपण गरिनु पर्दछ; प्रत्यर्थी रवि लामिछानेले अमेरिकी नागरिकता प्राप्त गरेपछि नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) बमोजिम निजको नेपाली नागरिकता कायम रहेको छैन; निजले नेपाल नागरिकता ऐनको दफा ११ बमोजिम नेपाली नागरिकता पुनः कायम गराएका छैनन्; एक पटक विदेशको नागरिकता लिइसकेपछि फेरी नेपाली नागरिक हुन पुनः नागरिकता प्राप्त गर्नै पर्छ; दफा १०(१) वा १०(२) जुन तरिकाबाट नागरिकता कायम नभएपनि पुनः प्राप्त गर्ने प्रक्रियामा जानैपर्छ; विदेशको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारी समक्ष दर्ता हुन अनिवार्य छ; दर्ता नगरी त्यागेको मितिबाट स्वतः कायम हुने होइन; कायम नरहेको नेपाली नागरिकता प्रयोग गरी राजनीतिक दल दर्ता गरी प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवार बनेको र निर्वाचित भई संसद सदस्यको रुपमा शपथ लिएको कार्य कानून प्रतिकूल छ; निजले अमेरिकी नागरिकता रद्द भएको निस्सा विधिवत जिल्ला प्रशासन कार्यालयमा पेश गरेको छैन; रवि लामिछानेको वर्तमान हैसियत केवल गैरआवासीय नेपाली हो; प्रत्यर्थी रवि लामिछानेले कायम नभएको नेपाली नागरिकता प्रयोग गरी २७ मे २०१५ मा नेपाली राहदानी लिएको कार्य पनि कानून प्रतिकूल छ; निजमा संघीय संसदको प्रतिनिधिसभा सदस्य पदमा कायम रहने योग्यता पुरा नभएको हुँदा निजलाई अयोग्य घोषित गरी चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ को

२०७९ साल मंसीरमा घोषित निर्वाचन परिणाम लगायतका काम कारवाही बदर गरिनु पर्दछ र निजले झुट्टा विवरण पेश गरी नेपाली राहदानी लिएको कार्य कसूरजन्य अपराध भई प्रहरीद्वारा छानबिन भइरहेको अवस्थामा सो कार्यमा प्रभाव पार्ने र स्वार्थ बाझिने भएकाले पनि निजले गृहमन्त्रीको पदमा कायम रहन मिल्दैन; नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) को अवस्थाको व्यक्तिले कानून बमोजिमको प्रक्रिया पुरा गरी नागरिकता पुनः प्राप्त नगरेसम्म प्रतिनिधि सभा सदस्यको लागि मतदान गर्न, उम्मेदवार हुन र प्रतिनिधि सभा सदस्य हुन नपाउने भएकाले निवेदन माग बमोजिम रिट आदेश जारी हुनु पर्दछ भनी बहस जिकिर गर्नु भयो।

१४.प्रत्यर्थी निर्वाचन आयोग समेतका सरकारी निकायहरुका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले निवेदकहरुलाई यस विषयमा निवेदन गर्ने हकदैया रहेको छैन; प्रतिनिधि सभा सदस्यको उम्मेदवारको अयोग्यताको विषय नेपालको संविधानको धारा १३३(२) वा (३) अन्तर्गत हेरिने विवाद होइन; प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४९ ले उम्मेदवारी दिएको व्यक्तिले मात्र निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र अदालतमा उजूरी दिन सक्तछ; यस विषयमा साधारण अधिकारक्षेत्र अन्तर्गत उजूरी उपर सुनुवाई गरिन्छ; निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति पदमा गैर नेपालीलाई कायम राखेको पनि होइन; राष्ट्रिय स्वतन्त्र पार्टी नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र नियमावली बमोजिमको प्रक्रिया पुरा गरी दर्ता भएको दल हो; उक्त दलका सभापति रवि लामिछानेले सन् २०१८ जुन २८ अर्थात मिति २०७५/३/१४ मा नै अमेरिकी नागरिकता त्यागेको अवस्था छ; निजलाई गैर नेपाली नागरिक भन्न मिल्दैन; निर्वाचन आयोगले प्रत्यर्थी रवि लामिछानेको अयोग्यताको विषयमा निर्णय नगरेको पनि होइन; उम्मेदवार हुन योग्य नरहेको भन्ने उजूरी मुख्य निर्वाचन अधिकृतको कार्यालय, चितवन क्षेत्र नं. २ बाट मिति २०७९ मंसीर ८ मा आयोगमा प्राप्त भएपछि ९ गते निर्वाचन परिणाम घोषणा भएको हुँदा कारवाही तामेलीमा राख्ने गरी मिति

२०७९/८/१३ गते निर्वाचन आयोगबाट निर्णय भएको हो; आयोगको निर्णय संविधानसम्मत् छ; प्रत्यर्थी रवि लामिछानेको नेपाली नागरिकता कायम हुने/नहुने विषय र सन् २०१५ मा नेपालको राहदानी प्राप्त गरेको विषय छुट्टै कानूनी रुपमा हेरिने विषय हुन्, संवैधानिक इजलासबाट हेरिनु पर्ने विषय होइनन्; यस विषयमा छानबिन गर्न गृह मन्त्रालयबाट सम्बद्ध अधिकारीलाई निर्देशन दिइएको पनि छ; नेपाल नागरिकता ऐनको दफा ११ ले विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्ति पुनः नेपालमा आइ बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएकोमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुने व्यवस्था गरेको छ; प्रत्यर्थी रवि लामिछानेले सन् २०१८ जुन २८ अर्थात मिति २०७५/३/१४ मा अमेरिकी नागरिकता त्याग गरेका छन्; विदेशी नागरिकता त्याग गरेको सूचना आधिकारिक निकायलाई नदिएको भन्ने आधारमा गैरनागरिक हुने अवस्था हुँदैन; नेपालको कानूनले नागरिकताविहिन अवस्थाको परिकल्पना गरेको छैन; रिट आदेश जारी हुनेसम्मको आधार र कारण नरहेको हुँदा रिट निवेदन खारेज हुनु पर्दछ भनी बहस जिकिर गर्नु भयो।

१५. प्रत्यर्थीहरु राष्ट्रिय स्वतन्त्र पार्टी र रवि लामिछानेको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री सुशिल कुमार पन्त, श्री सुनिल कुमार पोखरेल, श्री नरेन्द्र प्रसाद गौतम, विद्वान अधिवक्ताहरु श्री आशिष अधिकारी, श्री सुरेशकुमार पोखरेल, श्री यज्ञमणि न्यौपाने र श्री सुधिज्ञ पन्तले गर्नु भएको बहस जिकिर समेत सुनियो। वहाँहरुले वहस जिकिरका क्रममा प्रत्यर्थी रवि लामिछानेले अमेरिकाको नागरिकता लिएको, अमेरिकी पासपोर्टमा नेपाल आएको, भिषा लिएर बसेको, अमेरिकी नागरिकता त्यागेको, नेपाली नागरिकको रुपमा गर्ने सबै काम गर्दै आएको तथ्यमा विवाद छैन; नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) बमोजिमको अवस्थाका लागि नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ को व्यवस्था आकर्षित हुँदैन; नागरिकता त्याग गरेको जानकारी गराएर अर्को देशको नागरिकता लिनेहरुलाई मात्र

नियम ११ को व्यवस्था लागु हुने हो; नेपाली नागरिकता त्याग नगरी विदेशी नागरिकता लिनेहरुका लागि नियम ११ को प्रावधान आकर्षित हुँदैन; नेपालमा पहिलेदेखि नै नागरिकता त्याग्ने र पुनः प्राप्त गर्ने कानूनी प्रचलन थियो; नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) मा रहेको व्यवस्था अनुसार नेपाली नागरिकता औपचारिक रुपमा त्याग नगरी विदेशी नागरिकता लिएका व्यक्तिले त्यस्तो विदेशी नागरिकता त्याग गरेपछि स्वतः पूर्ववत् नेपाली नागरिकता कायम हुन्छ; प्रत्यर्थी रवि लामिछानेले अध्यागमन विभाग, गृह मन्त्रालय, प्रेस काउन्सिल लगायतका निकायलाई विदेशी नागरिकता त्यागेको जानकारी दिएको अवस्था छ; प्रस्तुत विषयमा निवेदकलाइ रिट निवेदन दिने हकदैया छैन; प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४९ अनुसार प्रतिस्पर्धीले मात्र उजुरी गर्न पाउने हुन्छ; प्रत्यर्थी रवि लामिछाने नेपाली नागरिक भएको हुँदा रिट निवेदन जिकिर तथ्ययुक्त र तर्कसंगत् छैन; रिट निवेदन खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१६. रिट निवेदकहरुका तर्फबाट तथा प्रत्यर्थीहरुका तर्फबाट विद्वान सहन्यायाधिवक्ता, सम्बन्धित विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरुबाट पेश हुन आएको लिखित बहसनोट समेत अध्ययन गरियो।

१७. अब यसमा निम्न प्रश्नहरुको निरुपण गर्नु पर्ने देखिन आएको छः

क. रिट निवेदकलाई प्रस्तुत विषयको निवेदन दिने हकदैया छ वा छैन? प्रस्तुत विषय यस संवैधानिक इजलासको क्षेत्राधिकारभित्र पर्छ वा पर्दैन?

ख. प्रत्यर्थी रवि लामिछानेले अमेरिकी नागरिकता त्यागी नेपाली नागरिकता पुनः प्राप्त गर्ने सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेबमोजिमको प्रक्रिया अपनाएको वा प्रक्रिया पुरा गरेको छ वा छैन?

ग. प्रत्यर्थी रवि लामिछानेले अमेरिकी नागरिकता प्राप्त गरेपछि स्वतः कायम नरहेको नेपाली नागरिकताको प्रमाणपत्र प्रयोग गरी चितवन जिल्ला

निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन मिल्ने हो वा होइन? निजमा प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन आवश्यक नेपाली नागरिकता प्राप्त गरेको सम्बन्धी योग्यता कायम छ वा छैन?

घ. रिट निवेदकको माग बमोजिमको रिट आदेश जारी हुने हो वा होइन?

१८. निर्णयतर्फ बिचार गर्दा, सर्व प्रथम रिट निवेदकलाई प्रस्तुत विषयको निवेदन दिने हकदैया छ वा छैन? भन्ने पहिलो प्रारम्भिक प्रश्नको निरुपण गर्नु पर्ने देखियो। रिट निवेदकले नेपालको संविधानको धारा ८७(१)(क) तथा धारा ८९(ख) बमोजिमको योग्यता प्रत्यर्थी मध्येका रवि लामिछानेमा नरहेको भन्ने प्रश्न उठाई निवेदन गरेको देखिन्छ। संविधान बमोजिमको योग्यता नपुगेका कुनै व्यक्ति संघीय संसदको प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित हुन वा सो पदमा कायम रहन मिल्दैन। निर्वाचनमा भाग लिएका प्रतिस्पर्धी उम्मेदवारले मात्र योग्यता सम्बन्धी प्रश्न उठाउन पाउँदछ भन्ने जस्ता केवल प्राविधिक कारण अगाडि सारेर संविधान वा कानून बमोजिमको योग्यता पुरा नगरेका व्यक्तिको पदीय वैधानिकता प्राप्त हुन सक्तैन। योग्यता नपुगेको व्यक्ति प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित भएको कुरामा आम नागरिकको सार्थक सम्बन्ध र सरोकार रहनु स्वभाविक हुन्छ। सांसदको योग्यता वा अयोग्यता सम्बन्धी प्रश्न कुनै एक निर्वाचनक्षेत्रसंग मात्र सम्बन्धित नभई नेपालका सबै निर्वाचन क्षेत्रका उम्मेदवार वा निर्वाचित जनप्रतिनिधिलाई समान रुपमा लागू हुने कुरा हो। निर्धारित योग्यता नपुगेको व्यक्तिलाई कुनै पनि सार्वजनिक जवाफदेहिता रहेको पदमा कायम रहने अधिकार हुँदैन। निर्धारित योग्यता पुगेको कुरा सुनिश्चित नभएसम्म कसैले पनि सार्वजनिक जवाफदेहिता रहेको पद ग्रहण गर्नु हुँदैन। निर्वाचनका लागि तोकिएका योग्यता केवल निर्वाचन प्रयोजनका लागि मात्र सीमित नभएर सो पदमा बहाल (कायम) रहन पनि निरन्तर सो योग्यता विद्यमान रहेको हुनु पर्दछ। प्रतिस्पर्धी उम्मेदवारले उजूरी गर्नुको उद्देश्य आफूलाई निर्वाचित गरिनु पर्ने भन्ने रहन्छ भने सर्वसाधारण नेपाली नागरिकले कसैको योग्यतामा प्रश्न

उठाउनुको प्रयोजन आफ्नो व्यक्तिगत हित वा स्वार्थ पुरा गर्ने कुरामा नभएर संविधान, कानूनको सम्मान वा पालना तथा सार्वजनिक हित वा सरोकारको रक्षा गर्ने अभिप्राय अन्तर्निहित रहेको हुन्छ। यस अवस्थामा केवल निर्वाचन प्रक्रियामा प्रतिस्पर्धीको रुपमा सहभागी भएका व्यक्तिले मात्र योग्यता सम्बन्धी प्रश्न उठाउन पाउने हो भनी भनियो भने नेपालको संविधानको धारा ८७(१)(क) तथा धारा ८९(ख) को अर्थ वा प्रयोजन परास्त हुने सम्भावना रहने समेत देखिन्छ।

१९. प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५(१) मा प्रतिनिधि सभाको **"सदस्यको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइ नसकेको अवस्थामा कुनै उम्मेदबार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत आयोग समक्ष उजुरी दिन सकिने"** प्रावधान रहेको देखिंन्छ। यहाँ प्रयुक्त **"कसैलाई लागेमा"** भन्ने वाक्यांशले उजुरी गर्न पाउने हकदैयालाई खुल्ला राखेको प्रष्ट छ। यसरी निर्वाचन प्रक्रियाकै सन्दर्भमा पनि उजुरी गर्ने हकदैया अन्य **"कसैलाई"** प्रदान गरिएको अवस्थामा निर्वाचन परिणाम घोषित भैसकेको अवस्थाका लागि यो हकदैया सीमित वा साँघुरो बन्न जानेगरी अर्थ ग्रहण गर्नु मनासिब हुँदैन। यसका अतिरिक्त, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५(१) मा रहेको प्रावधान बमोजिम मिति २०७९/७/२९ मा प्रत्यर्थी रवि लामिछानेको नेपाली नागरिकताको विषयमा निर्वाचन अधिकृत समक्ष उजुरी परेको समेत देखिन्छ। सो उजुरीमा निर्वाचन आयोगबाट तत्काल कुनै निर्णय नभै निर्वाचनको परिणाम घोषणा भएपछि निर्वाचनको परिणाम आईसकेकोले यो विषय सर्वोच्च अदालतको संवैधानिक इजलासको क्षेत्राधिकारभित्र परेको भनी कारवाही तामेलीमा राखेको पाइयो। यस अवस्थामा प्रस्तुत विषयमा न्यायिक उपचार प्राप्तिका लागि यस अदालतमा प्रवेश गर्ने हकदैया रिट निवेदकमा रहेको छैन भन्नु सर्वथा अनुचित हुन जान्छ। नेपाली नागरिकको प्रतिनिधित्व गर्ने व्यक्ति कानूनी रुपमा नेपाली नागरिकको रुपमा राजनैतिक अधिकार प्रयोग गर्न सक्ने हैसियतको भए-

नभएको भन्ने कुरा सार्वजनिक सरोकारको विवाद हुनु स्वभाविक छ। प्रस्तुत विवादमा संविधान र कानूनको व्याख्या सम्बन्धी गम्भीर र महत्वपूर्ण प्रश्न समेत सन्निहित रहेको र निवेदकले निर्वाचन अधिकृत समक्ष दिएको उजुरीको तथ्य तथा कानूनी आधारमा प्रवेश गरी निर्वाचन आयोगबाट निर्णय भएको अवस्था नभएको सन्दर्भमा यो विषयको निरुपण संविधानसम्मत् तबरबाट हुनु वाञ्छनीय देखिन्छ। तसर्थ प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको विवादको रुपमा स्वीकार गरी निरुपण गर्नु मनासिव र संविधानसम्मत् देखियो।

२०. प्रत्यर्थीहरुका तर्फबाट छलफल, बहसका सन्दर्भमा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४९ मा रहेको **"ऐन तथा यस नियमावली बमोजिम निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैंले वा वारिस मार्फत अदालतमा उजूरी दिन सक्नेछ"** भन्ने प्रावधानका आधारमा उजुरी गर्नका लागि **"उम्मेदवारी दिएको कुनै व्यक्ति"** नै हुनु पर्दछ भनी जिकिर गर्नु भएको समेत पाइयो। उल्लिखित नियम ४९ मा रहेको व्यवस्थाले निर्वाचनमा उम्मेदवारी दिएको व्यक्तिलाई उजुरी गर्ने मार्गसम्म निर्धारित गरेको देखिन्छ। उक्त प्रावधानले संविधानको धारा ८९ मा रहेको प्रावधानलाई संकुचित तुल्याएको वा तुल्याउन सक्ने देखिदैन। उक्त धारा ८९(ख) मा **"धारा ८७ बमोजिमको योग्यता नभएमा वा नरहेमा"** संघीय संसदको सदस्य पद रिक्त हुने प्रावधान रहेको हुँदा नियमावलीको उक्त व्यवस्थाको तात्पर्य संविधानमा रहेको प्रावधानलाई संकुचन गरेको अर्थमा हेरिनु हुँदैन। उल्लिखित नियमको व्यवस्थाले नेपालको संविधानको धारा ८७, ८९, ९० मा अन्तर्निहित मर्म र भावना तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५(१) मा प्रयुक्त **"कसैलाई"** भन्ने अभिव्यक्तिलाई साँघुरो वा संकुचित पारेको भन्ने अर्थमा ग्रहण गरिनु मनासिव हुँदैन। नेपाली नागरिकता भएको भन्ने आधारमा उम्मेदवार भएका व्यक्तिको अयोग्यताको विषयमा निर्वाचन अधिकृत समक्ष उजुरी परेको र सो आम सरोकारको प्रश्नमा निर्वाचन अधिकृत वा निर्वाचन आयोगवाट क़ानूनसम्मत् तरिकावाट निरुपण

नगरिएको अवस्था रहेको छ। यस पृष्टभूमिमा उक्त नियम ४९ को प्रयोग क्षेत्र सीमित रहेको अवस्थातर्फ दृष्टिगत गरी संविधान, ऐन, तथा नियममा रहेका प्रावधानहरुको सुसंगत वा सामाञ्जस्यपूर्ण व्याख्या गरिनु मनासिव हुन्छ। यसरी हेर्दा प्रत्यर्थीहरुका तर्फबाट हकदैया सम्बन्धमा लिइएको जिकिरसंग सहमत हुन सकिएन।

२१. अब प्रत्यर्थीहरुका तर्फबाट "प्रस्तुत विषय यस संवैधानिक इजलासको क्षेत्राधिकारभित्र पर्दैन" भनी उठाइएको प्रश्नको निरुपण गर्नुपर्ने देखिन्छ। नेपालको संविधानको धारा ८७(१) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ बमोजिम प्रतिनिधि सभाको सदस्य पदका लागि उम्मेदबार हुन योग्य मानिनका लागि अन्य कुराको अतिरिक्त नेपाली नागरिक हुन अनिवार्य रहेको छ। नेपाली नागरिक रहेको तथ्य रीतपूर्वक क्रियाशील रहेको नागरिकताको प्रमाणपत्रबाट नै पुष्टी हुने हो। नेपालको संविधानको धारा ८९(ख) मा **"धारा ८७ बमोजिमको योग्यता नभएमा वा नरहेमा"** संघीय संसदको सदस्यता रिक्त हुने प्रावधान रहेको छ भने संविधानको धारा ९० मा **"संघीय संसदको कुनै सदस्य धारा ८७ बमोजिम अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय सर्वोच्च अदालतको संवैधानिक इजलासले गर्नेछ"** भनी उल्लेख भएको छ। यसका अतिरिक्त, नेपालको संविधानको धारा १३७ को उपधारा (२) को देहाय (ख) मा रहेको प्रावधान अनुसार **"संघीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद र संघीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी"** विवादको सुनुवाई गर्ने क्षेत्राधिकार यसै संवैधानिक इजलासलाई प्रदान गरिएको देखिन्छ। संविधानको धारा २४६(३) मा **"राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ"** भन्ने व्यवस्था रहेको छ। निर्वाचनको परिणाम घोषणा भैसकेपछि निर्वाचन आयोगले योग्यता सम्बन्धी प्रश्नको

निरुपण (निर्णय) नगर्ने र अन्य कुनै निकाय वा पदाधिकारीबाट समेत सो प्रश्नको निरुपण गरिने कानूनी प्रावधान रहेको नदेखिँदा यस अदालतबाट संघीय संसदका सदस्यको योग्यता सम्बन्धी प्रश्नको निरुपण गर्नु स्वभाविक हुन आउँदछ। तसर्थ, संविधानले नै संघीय संसदका सदस्यको योग्यता वा अयोग्यता सम्बन्धी प्रश्नको निरुपण गर्ने क्षेत्राधिकार यस संवैधानिक इजलासलाई प्रदान गरेको हुँदा क्षेत्राधिकार सम्बन्धमा प्रत्यर्थीहरुका तर्फबाट लिइएको जिकिर मनासिव देखिएन।

२२. अब प्रस्तुत विवादसंग सम्बन्धित अन्य प्रश्नहरुको निरुपण गर्नका लागि विवाद सम्बन्धी केही तथ्यगत विवरण उल्लेख गर्नु आवश्यक देखिन्छ। प्रत्यर्थी मध्येका रवि लामिछानेले वंशजका आधारमा मिति २०५०/११/१० मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट ना.प्र.नं. १८२२२ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ। यसपछि सोही नागरिकताको प्रमाणपत्रको आधारमा नेपाली राहदानी लिई निज संयुक्त राज्य अमेरिका गएको, त्यहाँ स्थायी बसोवास अनुमति पाएको र अमेरिकी कानूनबमोजिम शपथ लिई सन् २१ फेब्रुअरी २०१४ (मिति २०७०/११/०९) मा निजले अमेरिकी नागरिकता प्राप्त गरेको देखियो। यसरी प्राप्त गरेको अमेरिकाको नागरिकता तथा सो आधारमा लिएको अमेरिकी राहदानी (अमेरिकी राहदानी नं. ५१२९६६९८१, सन् ५ मार्च २०१४) त्यागन १८ मई २०१८ (मिति २०७५/०२/०४) मा नेपालस्थित अमेरिकी दुतावासमा निज रवि लामिछानेले निवेदन दिएको र संयुक्त राज्य अमेरिकाको Overseas Citizens Services, Department of State ले २८ जुन २०१८ (मिति २०७५/३/१४) मा अमेरिकी नागरिकता परित्याग सम्बन्धी स्वीकृति दिएको देखिन्छ। यसबीच निज प्रत्यर्थी रवि लामिछानेको नाममा ०८८३४८३८ नं. को नेपाली राहदानी समेत २७ मई २०१५ मा जारी भएको पाइयो। सो राहदानी प्रदान गर्दा प्रत्यर्थी रवि लामिछानेले मिति २०५०/११/१० मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट प्राप्त गरेको ना.प्र.नं. १८२२२ को नेपाली नागरिकताको प्रमाणपत्रलाई नै निजको राष्ट्रियता पहिचानको आधारको रुपमा

ग्रहण गरिएको देखिन्छ। प्रत्यर्थी रवि लामिछानेले अमेरिकी नागरिकता त्याग गरेको कुराको प्रेस काउन्सिललाई जानकारी गराउने प्रयोजनका लागि भनी सन् २०१८ मा अध्यागमन विभागमा पेश गरेको देखियो। नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारप्राप्त निकाय जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा हालसम्म अमेरिकी नागरिकता त्याग गरेको सम्बन्धी कुनै जानकारी गराएको तथ्य कहींकतैबाट खुल्न आएको देखिएन। यसै क्रममा प्रत्यर्थी रवि लामिछानेले मिति २०५०/११/१० मा प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रका आधारमा राजनीतिक अधिकारको प्रयोग गर्दै २०७९ साल मंसीरमा भएको संघीय संसद, प्रतिनिधि सभा सदस्य पदका लागि चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट उम्मेदवारी दिएको, सो पदमा निर्वाचित भएको र तत् पश्चात गठन भएको मन्त्रिपरिषदमा उपप्रधानमन्त्री पदमा नियुक्त भई कार्यरत रहेको पाइयो। उपरोक्त तथ्यमा कुनै विवाद रहेको देखिएन।

२३. संघीय संसद, प्रतिनिधि सभा सदस्य पदका लागि निर्वाचनमा उम्मेदवार हुन नेपाली नागरिक भएको हुन अनिवार्य देखिन्छ। गैरनागरिक प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुन सक्तैन। नेपालको संविधानको धारा ८७(१)(क) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ बमोजिम कुनै व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अन्य कुराका अतिरिक्त "नेपालको नागरिक" हुनु अनिवार्य देखिन्छ। नेपाली नागरिक भएको तथ्य प्रमाणीकरणका लागि विधिवत् रुपमा प्राप्त गरेको अर्थात राजनीतिक अधिकार प्रयोग गर्ने हैसियत प्रदान गर्ने नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्ने हुन्छ। नागरिकताको प्रमाणपत्र विधिवत् प्राप्त नगरेका व्यक्ति पनि नेपाली हुन सक्तछन्। तर संघीय संसदको सदस्य पदमा निर्वाचित हुने जस्ता प्रकृतिका राजनैतिक हक अधिकारको उपभोग गर्न योग्य मानिनका लागि विधिवत् रुपमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको वा धारण गरेको हुनु पर्दछ। नेपालको संविधानको धारा ८७(१)(क) मा रहेको प्रावधानलाई यही अर्थमा ग्रहण गरिनु

मनासिव हुन्छ। यसलाई आधारभूत कानूनी शर्तको रुपमा लिइन्छ र कुनै व्यवहारिक तर्क-वितर्कका आधारमा यो शर्तलाई विस्थापन गर्न मिल्दैन।

२४. अब, प्रत्यर्थी रवि लामिछानेले अमेरिकी नागरिकता त्यागी नेपाली नागरिकता पुनः प्राप्त गर्ने सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ ले तोकेबमोजिमको प्रक्रिया अपनाएको वा प्रक्रिया पुरा गरेको छ वा छैन? निजले सो अनुसारको प्रक्रिया पुरा गर्नुपर्ने वा नपर्ने के हो? भन्ने अर्को महत्वपूर्ण प्रश्नको निरुपण गर्नुपर्ने देखिन्छ। नेपालको संविधानको धारा १३ मा **"नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्ति सम्बन्धी अन्य व्यवस्था संघीय कानूनबमोजिम हुनेछ"** भनी उल्लेख भएको छ। यसको तात्पर्य नेपाली नागरिकताको **"प्राप्ति, पुनःप्राप्ति र समाप्ति"** कानूनबमोजिम नियमित र व्यवस्थित हुन्छन् भन्ने हो। कानूनले जे जो शर्त, बन्देज वा प्रक्रिया तोकेको छ, सोही अनुसार नागरिकता "प्राप्ति, पुनःप्राप्ति र समाप्ति" हुन्छ। संविधानमा रहेको उल्लिखित प्रावधानको कार्यान्वयनका सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा रहेको व्यवस्थालाई हेर्नु आवश्यक हुन्छ। उक्त दफा १० को उपदफा (१) मा **"नेपालको कुनै नागरिकले आफूखुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहने छैन"** भनी उल्लेख भएको छ। सोही दफा १० को उपदफा (२) मा **"नेपाली नागरिकले नेपालको नागरिकता त्यागन तोकिएबमोजिम सूचना गरेपछि तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन"** भनी उल्लेख भएको छ। यसका अतिरिक्त, उपदफा (३) मा **"दफा १४ बमोजिम कुनै व्यक्तिलाई नेपाली नागरिकताबाट हटाइएकोमा त्यसरी हटाइएको मितिदेखि त्यस्तो व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन"** भनी उल्लेख गरिएको छ भने उपदफा (४) मा **"कुनै व्यक्तिलाई एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्नेछ। त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता**

**कायम रहने छैन"** भनी उल्लेख भएको छ। उपर्युक्त कानूनी व्यवस्थाहरुमा कतै नेपाली नागरिकता कायम नरहने भन्ने शव्दावलीको प्रयोग गरिएको छ भने कतै स्वेच्छाले नागरिकता त्याग्ने कुरा उल्लेख भएको देखिन्छ। यसरी माथि उल्लेख भएका चारवटै अवस्थाको परिणाम हेर्दा "नेपाली नागरिकता कायम रहने छैन" भन्ने नै अर्थ लाग्दछ। अर्को शव्दमा भन्नु पर्दा विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि नेपाली नागरिकता स्वतः समाप्त हुन्छ। तर पुनः प्राप्तिको अधिकार यथावत रहेको कारण यो अवस्थालाई निजको नेपालको नागरिकता पूर्ण रुपमा निष्क्रिय भएको अर्थमा लिन मिल्ने भने देखिदैन। "एकैसाथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्ने" अपवाद अवस्थामा बाहेक प्रचलित नेपाल कानूनले एकैसाथ दोहोरो नागरिकता कायम रहने अवधारणालाई स्वीकार गर्दैन।

२५. प्रचलित नागरिकता सम्बन्धी कानूनले एक पटक विधिवत् रुपमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका र त्यसपछि विदेशी नागरिकता प्राप्त गरी सो नेपाली नागरिकता त्याग्न पुगेका व्यक्तिको हकमा भने पुनः नेपाली नागरिकता कायम हुने व्यवस्था समेत गरेको देखिन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा **"कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुनेछ"** भन्ने प्रावधान रहेको छ। यसका अतिरिक्त नेपाल नागरिकता सम्बन्धी नियमावली, २०६३ को नियम ११ मा **"ऐनको दफा ११ बमोजिम नेपालको नागरिकता त्यागी विदेश गएको कुनै व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सा सहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूची -११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने"** र सो **"बमोजिमको सूचनाको निवेदन प्राप्त भएपछि अनुसूची -१२ बमोजिमको ढाँचामा सूचना दर्ताको जानकारी दिई**

**नियम ८ बमोजिमको अधिकारीले साबिककै नागरिकताको विवरण सहितको नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नेछ"** भनी पुनः नागरिकता प्राप्त हुने कार्यविधि निर्धारण गरेको देखिन्छ। यसरी कानूनद्वारा निर्धारित प्रक्रिया पुरा गरेपछि पुनः नेपाली नागरिकताको प्रमाणपत्र क्रियाशील भई कानूनी मान्यता प्राप्त हुन्छ। यो प्रक्रिया सरल छ र यस प्रावधानले नेपाली नागरिकबाट कानून परायणताको न्यूनतम् अपेक्षा राख्दछ। एक पटक विदेशको नागरिकता ग्रहण गरेको वा नेपाली नागरिकता त्याग गरी विदेश गएको व्यक्तिले पुनः नेपाली नागरिकता कायम राख्नका लागि उपरोक्त अनुसारको प्रक्रिया अनुशरण गर्नु अनिवार्य हुन्छ। कुनै व्यक्ति नागरिक हो वा होइन भन्ने कुराको राज्यको तर्फबाट गरिने अभिलेखीकरण र प्रमाणीकरणका लागि उपरोक्त अनुसारको प्रक्रिया पुरा गर्नु नेपाली नागरिकता कायम राख्न चाहने प्रत्येक व्यक्तिको कर्तव्य समेत बन्दछ। यसरी प्रक्रिया पुरा नगरेका व्यक्ति "अनागरिक" नै भइहाल्ने पनि होइन। अर्को शव्दमा भन्नु पर्दा त्यस प्रकारका व्यक्तिलाई **"नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्यता पुरा गरेका, तर सो प्रमाणपत्र प्राप्त गरी नसकेका व्यक्ति"** भनी मान्न सकिन्छ। त्यस प्रकारका प्रक्रिया पुरा नगरेका व्यक्तिले नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिलाई मात्र प्राप्त हुने नागरिक वा राजनैतिक अधिकार भने प्राप्त गर्न सक्तैनन्। नेपालको संविधानको धारा १७(२)(ग) बमोजिम राजनीतिक दल खोल्ने स्वतन्त्रता नागरिकलाई मात्र उपलव्ध हुन्छ। नेपाली नागरिक नभएका व्यक्तिलाई नेपालमा राजनीतिक दल खोल्ने वा संसदीय निर्वाचनमा उम्मेदवार हुने अधिकार रहँदैन। संविधानको धारा ८४ मा रहेको प्रावधान अनुसार नेपाली नागरिकलाई मात्र संघीय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार रहन्छ। यस प्रसंगमा नेपालको संविधानको धारा २९१ मा रहेको **"यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक यस संविधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित, मनोनित वा नियुक्तिको लागि योग्य हुने छैन"** भन्ने प्रावधानको तात्पर्य पनि स्मरणीय छ। यसको तात्पर्य

नेपालको शासकीय हैसियत प्राप्त गर्न नेपाली माटो, नेपाली कानून र नेपाली राष्ट्रियताप्रति विधिवत् समर्पित रहेको हुनु पर्दछ भन्ने पनि हो।

२६. सुरेन्द्र बहादुर श्रेष्ठले दायर गरेको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट "नेपाल नागरिकता ऐन, २०६३ को दफा १० को समग्र कानूनी व्यवस्थालाई हेर्दा सो अन्तर्गत कुनै पनि व्यक्ति नेपालको नागरिक पनि रहने र सोही समयमा अर्को विदेशी राष्ट्रको नागरिक पनि हुन सक्ने गरी दोहोरो नागरिकताको स्थितिलाई मान्यता दिइएको पाइँदैन", "नेपालको नागरिकता प्राप्त गरेको कुनै व्यक्तिले अन्य विदेशी मुलुकको नागरिकता प्राप्त गरिसकेपछि पनि नेपालको नागरिकको हैसियतमा सबै राजनीतिक अधिकारको दावी गर्ने हक रहेको हुन्छ भन्ने सो संवैधानिक व्यवस्थाको आशय देखिँदैन" भनी सिद्धान्त कायम भएको समेत देखिन्छ[१]। यसरी प्रतिपादित कानूनी सिद्धान्त प्रस्तुत विवादका सन्दर्भमा समेत आकर्षित हुने देखियो।

२७. वर्तमान समयमा उल्लेख्य संख्याका नेपाली नागरिकहरु विश्वका कतिपय मुलुकमा विचरण गरेका, स्थायी रूपमा विदेशमा बसोवास गरेका, अध्ययनरत रहेका, विविध व्यवसाय वा रोजगारीमा संलग्न रहेका, आफ्नो उज्वल भविष्य निर्माणका लागि सिर्जनशील परिश्रम गरिआएको र कालान्तरमा नेपाल फर्की आउने मनसाय राखेको कुरा एउटा व्यवहारिक यथार्थ बनेको छ। यसरी विदेशमा लामो समय स्थायी बसोवास गर्ने नेपाली नागरिकले सोही देशको कानूनको अधीनमा रही त्यस्तो स्थायी बसोवास गरेको मुलुकको नागरिकता समेत लिएको वा लिन सक्ने अवस्था रहेको छ। यसप्रकार कुनै नेपाली नागरिक अर्को मुलुकको नागरिक हुने स्थिति आएमा त्यस्ता व्यक्तिले गैरआवासीय नेपालीको रूपमा मान्यता पाउने अवस्था रहन्छ। गैरआवासीय नेपालीहरूमा रहेको ज्ञान, सीप, अनुभव, पूँजी र प्रविधिको उपयोग नेपाल

१ निवेदक सुरेन्द्र बहादुर श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको ०७२-WS-०००७ को रिट निवेदनका सन्दर्भमा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५/३/२० मा भएको व्याख्या।

राष्ट्रका लागि पनि महत्वपूर्ण र लाभदायी हुन सक्तछ। त्यसैले नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपालीलाई **"संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने"** व्यवस्था गरिएको छ। तर विदेशी नागरिकता कायम रहेको अवस्थाका गैरआवासीय नेपालीलाई नेपालको कानून अनुसार शासकीय पदमा निर्वाचित हुने राजनीतिक अधिकार भने प्राप्त हुँदैन। नेपालमा राजनीतिक अधिकार उपभोग गर्नका लागि विदेशी नागरिकता त्याग गरेर सो को निस्सा वा प्रमाण सहितको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पेश गरी आफ्नो पहिलेको नेपाली नागरिकता पुनः कायम गर्नु आवश्यक हुन्छ।

२८. प्रत्यर्थी रवि लामिछानेले सन् २०१४ मा अमेरिकी नागरिकता ग्रहण गरेपछि तत्-क्षण निजको नेपाली नागरिकता कायम नरहेको कुरा पूर्व उधृत नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) मा रहेको प्रावधानबाट प्रष्ट भएको छ। निजले सन् २०१८ मा अमेरिकाको नागरिकता त्याग गरेपछि नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पुरा गरेको देखिदैन। निजले नेपाल नागरिकता नियमावलीको नियम ८ बमोजिम तोकिएका प्रमुख जिल्ला अधिकारी समक्ष कुनै निवेदन वा जानकारी पेश गरेको देखिदैन। यो तथ्यमा कुनै विवाद पनि रहेको पाइएन। यसरी कानूनद्वारा निर्धारित प्रक्रिया पुरा नगरेको हुँदा निजले विधिवत् रुपमा नेपाली नागरिकताको प्रमाणपत्र पुनः प्राप्त गरेको भनी सम्झन मिलेन।

२९. प्रत्यर्थी रवि लामिछानेले दर्ता नं. १५७६ मिति २०७५/३/६ मा अध्यागमन विभागमा दिएको निवेदनलाई नेपाली नागरिकताको प्रमाणपत्र पुनः प्राप्त गर्ने प्रयोजनका लागि प्रक्रिया पुरा गरेको मान्नु पर्दछ भन्ने जिकिर समेत प्रत्यर्थीहरुको तर्फबाट लिएको पाइयो। मिसिल संलग्न रहेको उल्लिखित सक्कल निवेदनमा निम्न व्यहोरा उल्लेख भएको देखिन्छः

"उपरोक्त सम्बन्धमा म May 17th 2018 सम्म अमेरिकी राहदानी बाहक रहेको तर May 18th 2018 शुक्रवारका दिनबाट सम्पूर्ण प्रक्रिया पुरा गरी काठमाण्डौस्थित अमेरिकी राजदुतावासमा रु. २ लाख ५८ हजार दस्तुर समेत तिरी मसँग रहेको अमेरिकी पासपोर्ट (512966981) र अमेरिकी नागरिकता फिर्ता बुझाइसकेको व्यहोरा सगर्व जानकारी गराउँदछु। मसँग यतिबेला अमेरिकाको भिषा समेत पनि नरहेको समेत जानकारी गराउँदछु। यसअघि अमेरिकी पासपोर्ट बाहक हुँदा मैले प्रचलित कानूनको अधिनमा रहि न्युज २४ टेलिभिजनमा काम गर्न कार्य-अनुमति लिएको र कार्य-अनुमतिको म्याद सकिएपछि नवीकरणका लागि समेत निवेदन दिएको थिएँ। नवीकरणका लागि दिएको निवेदनको फाईल अझै पेन्डिङ नै रहेको जानकारी मैले गृह मन्त्रालयबाट मौखिक रुपमा मात्रै पाएको छु। र कार्यानुमति नवीकरण प्रकृयामै रहिरहँदा मैले गरिरहेको काम निरन्तर गर्न कुनै बाधा नहुने मौखिक जानकारी गृह मन्त्रालयका जिम्मेवार व्यक्तिबाटै पाएको रेकर्डिङ पनि सुरक्षित राखेको छु। तथापी आजका मितिसम्म मैले मेरो Work Permit नवीकरणको निवेदन सदर वा बदर भएको, अथवा मैले गरिरहेको कामलाई निरन्तरता दिन नपाइने भनी कुनै लिखित वा मौखिक जानकारी पाएको छैन। तर हाल आएर मैले अमेरिकी पासपोर्ट आधिकारिक रुपमा सम्पूर्ण प्रक्रिया पुऱ्याई फिर्ता बुझाइसकेको परिप्रेक्षमा यस विषयलाई लिएर अध्यागमन र गृह मन्त्रालयसँग मैले कुनै पनि समन्वय गरिरहनु पर्ने आवश्यकता नदेखेको बुझेको छु। तर एक जिम्मेवार नागरिकका हैसियतले नेपाल सरकारको गृह मन्त्रालय र त्यस अन्तर्गतको अध्यागमन विभागलाई आफ्नो रेकर्ड अद्यावधिक गर्न सहयोग मिलोस भनी यो जानकारी सहितको निवेदन पेश गरेको छु। साथै काठमाण्डौं स्थित अमेरिकी राजदुतावासले पासपोर्ट बुझिलिएको पत्र, दस्तुर तिरेको रसिद र उक्त पासपोर्टको प्रतिलिपि यसै निवेदनका साथ पेस गरेको छु"।

३०. उपरोक्त व्यहोराबाट प्रत्यर्थी रवि लामिछानेले नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ को प्रयोजनका लागि रीतपूर्वक नागरिकताको प्रमाणपत्र जारी गर्ने जिल्ला प्रशासन कार्यालयमा **"विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोवास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएको"** भनी मात्र मिल्ने देखिदैन। नेपालको नागरिकता

सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा दिनु पर्ने जानकारी अन्य काम कुराका सन्दर्भमा अध्यागमन विभागमा कुनै निवेदन दिएको आधारमा प्रयोजन पुरा हुँदैन। जुन कार्यका लागि कानूनले जुन निकायलाई अख्तियारी दिएको छ, सोही निकायमा कानूनद्वारा निर्धारित प्रक्रिया अनुशरण गरेर आफ्नो निवेदन वा व्यहोरा पेश गर्नु पर्दछ। यसका अतिरिक्त प्रत्यर्थी रवि लामिछानेले उक्त निवेदन "Work Permit नवीकरण" को सन्दर्भ बनाएर अध्यागमन विभागको प्रयोजनका लागि निवेदन पेश गरेको देखिन्छ। उक्त निवेदनमा नेपाली नागरिकता पुनः कायम गराउने सम्बन्धी कुनै व्यहोरा उल्लेख भएको देखिंदैन। यस प्रकारको निवेदनबाट नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ को प्रयोजन पुरा गरेको भनी सम्झन मिल्ने देखिएन।

३१. प्रत्यर्थी रवि लामिछानेले सन् २०१४ मा संयुक्त राज्य अमेरिकाको नागरिकता ग्रहण गरेपछि सो नागरिकता कायम छँदैको अवस्थामा स्वतः कायम नरहेको साबिकको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा सन् २०१५ मा नेपाली राहदानी लिएको सन्दर्भ पनि रिट निवेदन, लिखित जवाफ तथा विद्वान अधिवक्ताहरुले गर्नु भएको बहस जिकिरका क्रममा प्रस्तुत हुन आएको देखियो। यो विषय तत्काल प्रचलित राहदानी ऐन, २०२४ र हाल प्रचलित राहदानी ऐन, २०७६ मा व्यवस्थित झुठ्ठा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएको सम्बन्धी प्रावधानका सन्दर्भमा प्रचलित कानूनबमोजिम निरुपण गरिनु पर्ने विषय देखिएको र गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ समेतका प्रत्यर्थीहरुको लिखित जवाफबाट राहदानीको विषयमा छानविन भैरहेको भन्ने तथ्य समेत खुल्न आएको पाइयो। सोही छानबिनका सन्दर्भमा राहदानी सम्बन्धी विषयको निरुपण हुन सक्ने नै हुन्छ। प्रस्तुत विवाद प्रत्यर्थी रवि लामिछानेले प्रतिनिधि सभाको सदस्य पदमा उम्मेदबार भई निर्वाचित भएको सन्दर्भमा निजको नागरिकता सम्बन्धी योग्यतासँग सम्बन्धित रहेको देखिएको तथा राहदानी सम्बन्धी विषय निर्वाचन क्रमका उम्मेदबारको योग्यतासंग जोडिएको विषय नदेखिएको हुँदा निजले सन् २०१५ मा नेपाली राहदानी लिएको विषयमा अहिले थप उल्लेख गरिरहन परेन।

३२. अतः प्रत्यर्थी रवि लामिछानेले सन् २०१४ मा अमेरिकी नागरिकता ग्रहण गरेपछि कायम नरहेको नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी निर्वाचनका क्रममा उम्मेदवारी दिएको र सोही आधारमा निर्वाचित भएको देखियो। निजले सन् २०१८ मा अमेरिकाको नागरिकता त्याग गरेपछि नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पुरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिएन। तदनुसारको प्रक्रिया अपनाएको भन्नेसमेत प्रत्यर्थीले जिकिर लिएको पाइएन। कानूनद्वारा निर्धारित प्रक्रिया पुरा नगरेको हुँदा निजको विधिवत् रुपमा नेपाली नागरिकताको प्रमाणपत्र पुनः कायम भईसकेको भनी मान्न मिलेन। यस अवस्थाका व्यक्तिलाई नेपालको संविधानको धारा ८७(१) तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ को प्रयोजनका लागि उम्मेदवार बन्न वा प्रतिनिधि सभाको सदस्य पदमा कायम रहन योग्यता पुगेको भनी मान्न नमिल्ने हुँदा प्रत्यर्थी रवि लामिछाने चितवन जिल्ला, निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन पाउने अवस्था नदेखिएको, तर निज उम्मेदबार भई निर्वाचित भएको घोषणा गरिएको समेत देखिँदा निज प्रत्यर्थी रवि लामिछानेलाई उम्मेदबार कायम गर्ने, निजलाई निर्वाचित घोषणा गर्ने, मिति २०७९/८/९ मा प्रमाणपत्र दिने लगायतका काम कारवाही नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा धारा १३७(२)(ख) समेत बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ।

३३. रिट निवेदनमा प्रत्यर्थी रबि लामिछानेले लिएको राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता, सभापतिको पदीय हैसियत, सो हैसियतमा प्राप्त गरेको लाभ लगायतका अन्य केही कानूनी स्थितिको विषयमा समेत प्रश्न उठाइएको पाइयो। माथि उल्लेख भएबमोजिम प्रस्तुत रिट निवेदनको मुल विषय नागरिकता सम्बन्धी भई सो बिषयको निरुपण भएको र अन्य विषयमा सम्बन्धित अधिकारीहरुबाट निर्णय भएको अवस्था नहुँदा रिट निवेदनमा उपरोक्त अनुसार उठाइएका अन्य बिषय वा प्रश्नहरु सम्बन्धमा अहिले थप उल्लेख वा विवेचना गरिरहन परेन। अरु तपसिल बमोजिम गर्नू:

## तपसिलः

१. यो आदेशको प्रतिलिपी सहित प्रत्यर्थीहरुको जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू।

२. निवेदन मागबमोजिम आदेश जारी हुने ठहरेकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम निवेदकहरुले राखेको धरौटी रकम फिर्ता पाउने हुँदा सबै निवेदकहरुको जम्मा रु. १०,०००।– (दश हजार) सम्बंन्धित निवेदकहरुलाई फिर्ता दिनू भनी यस अदालतको लेखा शाखामा जानकारी दिनू।

३. यस अदालतको मिति २०७९/९/२२ को आदेशबमोजिम झिकाइएका फायल कागजातहरुको प्रमाणित प्रतिलिपी मिसिल सामेल राखी सक्कल फायल कागजात सम्बन्धित निकायहरुमा फिर्ता पठाई दिनू।

४. प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, रिट निवेदन दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौः

न्यायाधीश    न्यायाधीश    न्यायाधीश    का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृतः अन्जनराज सापकोटा/इमनाथ पौडेल
कम्प्युटर अपरेटरः हर्क माया राई

**इति संवत् २०७९ साल माघ १३ गते रोज ६ शुभम् ------------ ।**